मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ १८ गते मंगलवार (Tuesday, February 1. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विद्यालयमा खोप

**झापा, माघ १७।** जिल्लाका विभिन्न विद्यालयमा आइतबारदेखि कोरोनाविरुद्धको खोप लगाउन थालिएको छ। दुई हप्ताअघि कोभिड-१९ का कारण बन्द भएका विद्यालय खोप लगाउनका लागि २० गतेसम्म सञ्चालनमा ल्याइएको छ।

जिल्लाका ३६० सामुदायिकसहित झण्डै ७५० विद्यालयका विद्यार्थीलाई फाइजर खोप लगाउन सुरु गरिएको छ। जिल्लाका १५ वटै पालिकामा १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाउने लक्ष्य छ। पालिकाहरुमा एक लाख १० हजार डोज खोप पठाइएको स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत चूडामणि लुईंटेलले जानकारी दिए।



पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत झापाको कनकाई नदीको पुलको जोखिम। निर्माण सामग्री जथाभावी उत्खनन् गर्दा नदी गहिरिएर पुलको जग नै असुरक्षित बनेपछि जुनसुकै समयमा दुर्घटना हुन सक्ने देखिएको छ। **तस्वीर : विनोद सापकोटा /पूर्वाञ्चल**

### व्यवसायी मोहन पोखरेलको उदाहरणीय कार्य

# असहाय परिवारको घर निर्माण



**झापा, माघ १७।** झापाको अर्जुनधारा - ५ नमूना बस्ती (फूलवारी) निवासी राजकुमारी गिरीले ६ सन्तान जन्माइनन्। तर, जन्मिएका कुनै पनि सन्तान जीवित रहेनन्। संखुवासभाका धर्मराज गिरीसँग वैवाहिक जीवनमा बाँधिएपछि उनले जुम्ल्याहा सहित तीन छोरी र तीन छोरालाई जन्म दिएकी थिइन्। जन्मिएका सन्तानमध्ये पाँचौ सन्तान १३ दिनसम्म बाँचे पनि बाँकी सन्तानको भने न्वारन समेत गर्न नपाउँदाको पीडा राजकुमारीसँग अहिले पनि ताजै छ।

धेरै सन्तान जन्माएकै कारण अहिले उनी ओच्छ्यान परेकी छिन्। मेची अञ्चल अस्पताल भद्रपुरमा जुम्ल्याहा सन्तानलाई जन्म दिए पछि बिरामी बनेकी उनी अहिले हिँड्डुल समेत गर्न नसक्ने अवस्थामा रहेकी छिन्। धेरै सन्तान जन्माएकै कारण आङ खस्ने समस्या देखापरेसँगै राजकुमारी ढाड कुप्रो परेर हिँड्डुल नै गर्न नसक्ने अवस्थामा पुगेको उनका भाइ बिर्तामोड-२ निवासी टंकबहादुर गिरी बताउँछन्। त्यसमाथि उनका दुवै आँखाको ज्योति गुमेपछि उनी लामो समयदेखि ओच्छ्यान परेकी छिन्।

विवाहपछि सन्तान जन्माउने, हुर्काउने, बढाउने र पढाउने हरेक आमाबुवाको सपना हुन्छ। त्यस्तै सपना थियो राजकुमारीको पनि। जन्मिएको सन्तान हुर्किएला र बुढेसकालमा आमावुवाको सहारा बन्ला भन्ने राजकुमारीमा पनि आशा थियो। तर, जति सन्तान जन्मिँदै गए उति-उति सन्तान गुमाउनु पर्दाको पीडा एकातर्फ छ नै त्यो भन्दा ठूलो पीडा थपियो राजकुमारीको जीवनमा आफै थलिनु।

एकातर्फ गरिवी, अर्का तर्फ आङ खस्ने समस्या। समयमा उपचार गराउने खर्च नहुँदा दिनदिनै बिरामी पर्दै गएकी राजकुमारी अहिले आँखाको ज्योति समेत गुमाएर थलिएकी छिन्। भएका श्रीमान् धर्मराज गिरीको पनि श्रवण शक्ति छैन्। श्रीमान्/ श्रीमती नै अशक्त भएपछि इसाराको भरमा चलेको छ- राजकुमारी र धर्मराजको जीवन।

आर्थिक अवस्था कमजोर भएपछि संखुवासभाबाट झापा बसाईं सरेका धर्मराजले ३० हजार रुपैयाँ दिएर रामलाल पुरीसँग एक कठ्ठा जमिन जोडेका थिए। त्यही जमिनमा बनिबुतो गरेर सानो घर निर्माण गरेसँगै उनीहरुको जीविका चलेको थियो। तर, राजकुमारी ओच्छ्यान परेपछि धर्मराजको जीवनमा संकट आइपऱ्यो।

आफू कान नसुन्ने र श्रीमतीका दुवै आँखाको ज्योति गुमेपछि ओच्छ्यान परेसँगै गिरी परिवारमा बज्रमाथि बज्र परेको छ। बुढेसकाल लागेसँगै उनीहरु सहाराविहीन भएका छन्। शारीरिक अशक्तता, सन्तानको बियोग एकातर्फ छँदैछ भने अर्कातर्फ बिहान बेलुका के खाने भन्ने चिन्ताले समेत पिरोलेको छ- गिरी दम्पत्तिलाई अहिले। घर समेत जीर्ण अवस्थामा पुगेपछि उनीहरु अहिले भाञ्जा प्रताप पुरीको सहारामा बसेका छन्.।

लामो समेदेखि मामामाइजूको हेरचाह गर्दै आएका प्रतापले माइजू थलिएसँगैको पीडा सुनाउँदै भने- 'अहिले मामामाइजूको जेनतेन हेरचाह गर्दैछौं, थलिएकी माइजू कुन बेला आगोमा पर्नु हुन्छ भन्ने ठूलो चिन्ता छ। सँधै घरमा रहन पाइँदैन, मामाको पनि भर छैन, माइजूले बोलाएको मामा सुन्नु हुन्न, मामालाई ढुक्कै माइजू छाड्न मिल्ले भए पनि त केही

(बाँकी अन्तिम पृष्ठमा)

## मुख्यमन्त्री राईद्वारा बीओपी भवनको उद्घाटन



**पार्थ मण्डल**

**झापा, माघ १७।** सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट केचनाको नवनिर्मित कार्यालय भवनको उद्घाटन गरिएको छ। प्रदेश १का मुख्यमन्त्री राजेन्द्रकुमार राईले सोमबार एक समारोहकाबीच बीओपी केचनाको नवनिर्मित कार्यालय भवनको उद्घाटन गरेका हुन्।

उद्घाटनमा कार्यक्रममा बोल्दै मुख्यमन्त्री राईले प्रदेश १को सीमा लगायतका शान्ति सुरक्षाको लागि प्रदेश सरकार लागीपरेको बताएका छन्। यस प्रदेश अन्तर्गत खटिएका सुरक्षा सङ्गठनहरूको सबलीकरण र दक्षता अभिवृद्धिमा प्रदेश सरकार निरन्तर प्रयासरत रहेको बताउँदै उनले भने- 'अन्तर्राष्ट्रिय सीमा सुरक्षाका लागि प्रदेश

(बाँकी अन्तिम पृष्ठमा)

## हात्तीको आक्रमणबाट वृद्धको मृत्यु

**झापा, माघ १७।** जङ्गली हात्तीको आक्रमणबाट मेचीनगर-१३ का एक वृद्धको सोमवार बिहान मृत्यु भएको छ। मृत्यु हुनेमा ७५ वर्षीय खम्बासिंह कार्की रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

बिहान ३ बजे घरको बरण्डामा रहेको धान, मकै, आलु खाँदै गरेको जङ्गली हात्ती धपाउने क्रममा आक्रमणमा परी उनी गम्भीर घाइते भएका थिए। घाइते कार्कीको बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता बसन्त पाठकले जानकारी दिए।

कार्कीको घर चारआली बजारस्थित इलाम रोड नजिकै रहेको छ। पाँच दिनअघि मात्र दमकमा खेतमा पानी लगाउन गएका ६३ वर्षीय गणेशबहादुर अधिकारीलाई जङ्गली हात्तीले मारेको थियो।

## बसपार्कको होटलमा किशोरीलाई करणी

**भोजपुर, माघ १७।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा रामप्रसाद राई गाउँपालिका-३ ओखे बस्ने २७ वर्षीय पदम दर्जीलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ।

पदमले ती किशोरीलाई भोजपुर नगरपालिका-७ नयाँ बसपार्कस्थित होटेलमा शुक्रबार बेलुकी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता काठमाडौं महानगरपालिका-६ नयाँ बस्तीस्थित दोलखा सैलुङ गाउँपालिका घर भएका ३० वर्षीय सागर घिसिङको निर्माण हुँदै गरेको स्नुकर हाउसमा बिङ्गो खेलिरहेको अवस्थामा सागर

(बाँकी अन्तिम पृष्ठमा)

## अंश कम भएको भन्दै आमाको हत्या !

**पथरीशनिश्चरे, माघ १७।** पूर्वोत्तर मोरङको पथरीशनिश्चरे-२स्थित श्रेष्ठ परिवारका एक छोराले पैतृक सम्पत्ति कम दिएको भन्दै आफ्नै वृद्ध आमालाई हत्या गरेको आशंकामा एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

गएको ११ गते मंगलबार राति ४० वर्षे कमल श्रेष्ठले ९० वर्षकी वृद्ध आमालाई हत्या गरेको आशंकामा इलाका प्रहरी कार्यालय पथरीले नियन्त्रणमा लिएको हो। दिनहुंजसो आफूलाई कम्ती जग्गा-जमिन दिएको भन्दै आमासँग पटक-पटक झगडा र अभद्र व्यवहार गर्दै आएका निज कमलले नै मंगलवार राति आफ्नै आमामाथि कुटपिट गरी हत्या गरेको दाजु, भाइ तथा आफन्तले आरोप लगाएका छन्।

उनीहरुले वृद्धा आमाको हत्या गरेपछि एक्लै नजिकैको जयचौकस्थित जंगलभित्र लगेर टायर र मट्टीतेल प्रयोग गरी शव आगो लगाएर जलाएको आशंका गरेका छन्। आफन्त र निजको दाजुभाइले मंगलवार बिहानैदेखि वेपत्ता भएकी आफ्नी वृद्ध आमाको खोजीका लागि इलाका प्रहरी कार्यालय, पथरीमा खोजतलास गरी पाउँ भनी जाहेर दिएका थिए। वृद्ध आमासँगै बसेका कमलले आफूलाई जग्गा कम दिएको भन्दै वृद्धा आमामाथि गाली, झगडा र अभद्र व्यवहार गर्ने गरेको दाजुभाइ तथा आफन्तले बताएका छन्। केही दिन अघि मात्रै ६/७ वर्ष अघि श्रीमान गुमाएकी वृद्धा आमाको नाममा रहेको जिउनी जग्गामाथि मुद्दा परी फैसला भएको थियो।

कमलले आफ्नै आमाको हत्या गरी जलाएको हो वा के भएको हो ? भन्ने सवालमा स्थानीय प्रहरीले निजलाई नियन्त्रणमा लिई निजका आफन्त र छिमेकमा रहेका उनका दाजुभाइहरूसँग पनि आवश्यक अनुसन्धान गरिरहेको सोही वडाका वडाध्यक्ष यामप्रसाद गुरागाँईले बताए।

## झापा गोल्डकपको तयारी तीब्र



**झापा, माघ १७ ।** झापा गोल्डकपको कार्यसमितिको बैठकले पाँचौं संस्करण भव्य रुपमा आयोजना गर्न मूल आयोजक समिति गठन गर्ने निर्णय गरेको छ।

आयोजक समितिमा जिल्लाका प्रतिष्ठित व्यवसायी, उद्योगी, समाजसेवी तथा खेलप्रेमी रहने जनाइएको छ। यही फागुन २१ गतेदेखि हुने पाँचौं संस्करणको झापा गोल्डकपले तयारी शुरु गरेको हो।

कोरोनाको तेस्रो लहरले गोल्डकपको आयोजनाबारे अन्यौल रहेकोप्रति बैठकले सुनिश्चित गरिदिएको छ। संक्रमण कम हुँदै गएकाले फागुन २१ गतेबाट नै गोल्डकप सञ्चालन हुने अध्यक्ष बिनोद बस्नेतले जानकारी दिए। 'हामीले तयारी शुरु गरिसकेका छौं'- बस्नेतले भने- 'भर्खरै आहा रारा गोल्डकप पनि दर्शकको उपस्थितिमै भएको र अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल पनि दर्शकसहित भइरहेकाले झापा गोल्डकप हुन्छ।'

आयोजक झापा गोल्डकपले आफ्नो टिम झापा ११ फुटबल क्लबको प्रशिक्षण पनि केही दिनमै शुरु गर्ने महासचिव गजेन्द्र पौडेलले बताए। बैठकले कोषाध्यक्ष केदार गिरीको संयोजकत्वमा आर्थिक समिति बनाएको छ। समितिमा दीपेश ढकाल, प्रकाश शिवाकोटी, सजेश शिवाकोटी र सञ्जीव घिमिरे सदस्य रहेका छन्।

यसैबीच, पाँचौं संस्करणको झापा गोल्डकपमा थिम गीत र मस्कट तयार हुने भएको छ। गोल्डकपले पहिलोपटक थिम गीत र मस्कट बनाउन लागेको हो। झापाको प्रतिनिधित्व हुने गरी गीत तयार भइरहेको र केही दिनमै सार्वजनिक हुने बताइएको छ।

त्यस्तै, वरिष्ठ कलाकार पवन राजवंशीले झापा गोल्डकपको मस्कट तयार गर्दैछन्। जिल्लाको परिचय झल्किने र फुटबल प्रतिनिधित्व हुने गरी मस्कट तयार हुनेछ।

यसैबीच, झापा गोल्डकपको पदेन सदस्यको रुपमा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष रहने निर्णय गर्दै अध्यक्ष प्रकाश शिवाकोटीलाई कार्यसमिति सदस्यमा मनोनयन गरिएको छ।

# बुस्टर र दोस्रो मात्रा खोप कसलाई ?

**काठमाडौं, माघ १७।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड खोप कार्यक्रम अन्तर्गत बुस्टर तथा दोस्रो मात्राका लागि खोप वितरण नीति परिवर्तन गरेको छ। उसका अनुसार नेपालमा चिनियाँ खोप भेरोसेलको अभाव एउटा कारण भएको तर त्यसैले मात्र नीति परिवर्तन नगरिएको जनाएको छ।

स्वास्थ्य मन्त्रालयकी प्रवक्ता डा. संगीता कौशल मिश्रा विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओले परिवर्तन गरिरहने सिफारिसका आधारमा नेपालको खोप सल्लाहकार समितिले समेत आन्तरिक रणनीतिहरू फेर्न सुझाव दिने गरेको बताउँछिन्। नेपालमा चिनियाँ खोप लगाउनेहरू मात्र छैनन्, धेरैले अन्य खोप पनि लगाएका छन्। देशबाहिर विभिन्न खोप लगाएर आउनेहरू समेत छन्- उनले भनिन्।



नयाँ व्यवस्था अनुसार यसअघि जुनसुकै खोप लगाउनेले पनि अब नेपालमा कोभिशील्ड वा आस्ट्राजेनेका लगाउन सक्नेछन्। अहिलेसम्म नेपालमा सबैभन्दा धेरै अर्थात् झन्डै दुई करोड मात्रा चीनमा बनेको भेरोसेल खोप लगाइएकाले त्यसको अभाव र थप आपूर्ति अनिश्चित बनेका बेला सरकारले खोप रणनीति फेरेको छ।

यसअघि खोप लगाएका मानिसलाई सरकारले पहिला जुन हो लगाएको त्यही खोप लगाउनुपर्ने अन्यथा स्वास्थ्य सम्बन्धी समस्या पर्ने सक्ने भन्दै चेतावनी दिने गरेको थियो।

**यतिखेर किन परिवर्तन ?**

माघ महिनाको आरम्भतिर सरकारले ज्येष्ठ नागरिक र अग्रपंक्तिमा रहेर काम गर्नेहरूका लागि बुस्टर मात्रा दिने काम शुरु गर्दा प्राथमिक दुई खेपमा जुन खोप लगाएको तेस्रोमात्रा पनि त्यही नै दिइने बताइएको थियो।

राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष डा.

(बाँकी अन्तिम पृष्ठमा)

# १५० विद्यार्थीलाई न्यानो कपडा

**बिर्तामोड, माघ १७।** वीरता जेसीज र क्रिएटीभ इन्टरनेशनल एकाडेमीको संयुक्त आयोजनामा झापाको कचनकवल गाउँपालिकामा रहेको गगन आधारभूत विद्यालयका एक सय ५० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ।

क्रिएटीभ इन्टरनेशनल एकाडेमीको स्थापना दिवसको अवसर पारेर विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको वीरता जेसीजका महासचिव टीकाराम खतिवडाले जानकारी दिए। क्रिएटीभ इन्टरनेशनल एकाडेमीका संस्थापक अध्यक्ष तथा वीरता जेसीजका सदस्य एजाज अहमद अन्सारीले कार्यक्रमको संयोजन गरेका थिए।

वीरता जेसीजका अध्यक्ष प्रवीण खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नारायण नेपाल, रोमसाम राजवंशी, कालेन्द्र राजवंशी, एसमुल हक, कचनकवल गाउँपालिकाका पञ्जीकरण शाखाका सागर अधिकारी, शिक्षा शाखाका संयोजक छविलाल बस्नेत, योजना अधिकृत केशव मैनाली, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भेल्कु राजवंशी, प्रधानाध्यापक लीलाबल्लभ भट्टराई, वडा नं. ७का वडाध्यक्ष भरत राजवंशी, नेपाली कांग्रेस झापाका सचिव नवीन बिमली लगायतको आतिथ्य रहेको थियो। चिसो मौसममा बालबालिकालाई न्यानो कपडा वितरण गरेर पठनपाठनमा सहज होस् भन्ने उद्देश्यले सामाजिक कार्यलाई अगाडि बढाउँदै वीरता जेसीजले गगन आधारभूत विद्यालयलाई छनौट गरेको अध्यक्ष खड्काले बताए। तालिम संयोजक जनक खड्काले जेसीज आस्था वाचन गरेको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष कुशल खतिवडाले धन्यवाद ज्ञापन गरेका थिए।

विद्यालयलाई पठनपाठनमा सहयोग गर्ने उद्देश्यले जेसीजले गरेको सहयोगप्रति प्रधानाध्यापक भट्टराईले धन्यवाद दिए। कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव टीकाराम खतिवडाले गरेका थिए।

यसैबीच शहीद दिवसको अवसर पारेर वीरता जेसीजले आइतवार साँझ दीप प्रज्ज्वलन गरेको थियो। वीरता जेसीजको आयोजनामा जेसीज सचिवालयमा जेसीज पूर्वअध्यक्ष वेदप्रकाश अग्रवालको प्रमुख आतिथ्यमा दीप प्रज्ज्वलन कार्यक्रम सम्पन्न गरेको महासचिव टीकाराम खतिवडाले जानकारी दिए।




## विद्यालयलाई कम्प्युटर प्रदान



**झापा, माघ १७।** कोभिडका कारण लामो समयदेखि विद्यार्थीको पढाइ प्रभावित छ। अझ सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थी झन् बढी प्रभावित भएका छन्।

कोभिडको यो सन्त्रासमा अधिकांश निजी बिद्यालयले अनलाइन कक्षा सञ्चालन गरेपनि धेरै सामुदायिक बिद्यालय भने अनलाइन कक्षा सञ्चालन गर्नबाट बञ्चित छन्।

विद्यार्थीलाई सानै उमेरदेखि कम्प्युटर शिक्षा प्रदान गर्दै महामारीको यो समयमा अनलाइन कक्षा समेत सञ्चालन गर्ने लक्ष्य लिएको अर्जुनधारा नगरपालिका-५मा रहेको नवज्योति आधारभूत विद्यालयले उपकरण अभावमै चाहेर पनि विद्यार्थीलाई सहज रुपमा कक्षा सञ्चालन गर्न सकेको थिएन। तर, बिर्तामोड-१ निवासी चौधरी परिवारले आफ्ना छोराको जन्मदिनमा तीन थान कम्प्युटरसहित आवश्यक सामग्री प्रदान गरेसँगै विद्यालय परिवार हर्षित देखिएको छ।

बिर्तामोड-१ निवासी सञ्जय र दुर्गा चौधरीले छोरा साइरसको जन्म दिनमा विद्यालय परिसरमा पुगेर विद्यालय परिवारलाई कम्प्युटर लगायतका सामग्री हस्तान्तरण गरेका थिए। बिद्यालयमा एक संक्षिप्त कार्यक्रमको आयोजना गर्दै चौधरी परिवारले विद्यालय व्यवस्थापन समिति अध्यक्ष विश्वबन्धु थापा, संस्थापक अध्यक्ष जीवनकुमार खतिवडा, प्रधानाध्यापक कमल भण्डारी, शिक्षक अभिभावक संघका अध्यक्ष ओमप्रकाश लुइँटेललाई संयुक्त रुपमा ती सामग्री हस्तान्तरण गरेका थिए।

विद्यालय परिवारलाई कम्प्युटर हस्तान्तरण गर्दै सञ्जयले आफू पनि सामुदायिक विद्यालयमा नै अध्ययन गर्दै हुर्किएको र सामुदायिक विद्यालयका बिद्यार्थीको अवस्थाका विषयमा आफूलाई राम्रो ज्ञान भएकाले विद्यालयमा अध्ययनरत् बिद्यार्थीलाई अध्ययनमा सहयोग पुऱ्याउन सहयोग गरेको बताए।

जन्मोत्सव, विवाह वर्षगाँठ जस्ता अवसरमा गरिने फजुल खर्चलाई कटाएर सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई आधुनिक शिक्षा आर्जनमा सहयोग पुऱ्याउन पाउँदा आफूलाई खुशी लागेको सञ्जयको भनाइ छ।

कम्प्युटर हस्तान्तरण समारोहमा चौधरी परिवारकातर्फबाट विद्यार्थीलाई खेल सामग्री समेत प्रदान गरिएको थियो। विद्यालय परिवारका तर्फबाट बोल्दै विद्यालयका संस्थापक अध्यक्ष खतिवडाले अहिलेसम्म विद्यालयमा जन्मोत्सव मनाउँदा यस प्रकारले कसैले पनि नमनाएको र फजुल खर्चलाई कटाएर यसरी पनि जन्मदिन मनाउन सकिन्छ भन्ने शिक्षा चौधरी परिवारले दिएको बताए।

सो समारोहमा चौधरी परिवारका तर्फबाट बोल्दै साइरसकी हजुरआमा पार्वती चौधरीले नातिको जन्मदिन विद्यालयमा सबैसँग मनाउन पाउँदा खुशी लागेको बताएकी थिइन्। उनले आफ्ना नातिकोसहित सबै बालबालिकाको उज्ज्वल भविष्यको कामना समेत गरिन्।

## कृपा जिताउ अभियानमा ५१ हजार सहयोग



**झापा, माघ १७।** सारेगमप लिटल च्याम्स नेपालको रियालिटी सो कार्यक्रममा करिव ३५ हजार भन्दा बढी प्रतिस्पर्धीलाई पछि पार्दै उत्कृष्ट ५ अर्थात् फिनालेमा पुग्न सफल झापा बिर्तामोड-२ चारपाने निवासी १४ बर्षीया कृपा पौडेललाई जिताउन सबै क्षेत्र बाट उल्लेख्य भोटिङ्ग सहयोग भइरहेको छ।

यसैबीच झापाली रक्तदान क्षेत्रका अभियन्ता सामाजिक व्यक्तित्व अर्जुनधारा-५ निवासी ओमप्रकाश लुइँटेल तथा हेप्पी फेमिली परिवार झापाकी अध्यक्ष  दुर्गा लम्साल (लुइँटेल) ले पूर्वकी सान, बहुप्रतिभाकी धनी कृपा पौडेल जिताउ अभियानका लागि आफू र आफ्नो परिवारको तर्फबाट नगद ५१ हजार अभियानका मूल समिति सचिव माधव कल्पित र कोषाध्यक्ष (कृपाको बुवा) कुमार पौडेललाइ संयुक्त रूपमा हस्तान्तरण गरेका थिए।

क्षितिज नाट्य समूह लगायत दर्जनौं साँगीतिक तथा साहित्यिक संघ-सस्थाहरुमा आबद्ध रहेर सानै उमेरमा गायन क्षेत्रबाट नेपाली सुगम सांगीतिक क्षेत्रमा आफूलाई स्थापित गर्दै आएकी पौडेल बिगत ६ महिना अघिबाट नेपालमा पहिलोपटक आयोजना भएको सबै भन्दा ठूलो रियालिटी-शो कार्यक्रममा भाग लिएर फाइनलसम्म पुग्न सफल भएकी हुन्। सुमधुर स्वरकी धनी कृपा पौडेललाइ जीताउन यति बेला देश तथा बिदेशबाट समेत ठूलो साथ र सहयोग रहेको अभियानका सचिव कल्पितले बताए।

यही माघ २२ गते सम्पन्न हुने उक्त प्रतियोगितामा सबैले आ-आफ्नो क्षेत्रबाट भोट तथा आर्थिक सहयोग गरी प्रतियोगितामा विजयी गराउन विशेष सहयोग गरिदिनुहुन सबै श्रोता तथा दर्शक समक्ष कृपा जीताउ अभियानले आव्हान गरेको छ।



## उर्वशीको ६४ करोडको पहिरन

पूर्व मिस युनिभर्स तथा अभिनेत्री उर्वशी रौतेलाले हालै अरब फेशन विकमा सहभागिता जनाएकी छिन्। यसका साथै उनी अरब फेशन विकमा दुईपटक सहभागी हुने एकमात्र भारतीय बनेकी छिन्।

यसपटक भने उर्वशीको भन्दा फेशन विकमा उनले लगाएको गाउनको चर्चा बढी भइरहेको छ। यसरी गाउनको चर्चा हुनुको कारण त्यो गाउनको विशेषता र यसको मूल्य हो। यो गाउनको मूल्य ४० करोड भारतीय रुपैयाँ अर्थात् ६४ करोड नेपाली रुपैयाँ पर्छ।

उर्वशीले अरब फेशन विकमा थाइ हाइ स्लिट गोल्डेन गाउन लगाएकी थिइन्। हीरा जवाहरातबाट तयार गरिएको यो गाउनमा उर्वशी कुनै महारानीभन्दा कम देखिएकी थिइनन्। शीरदेखि पाउसम्म गहनाले बनेको गाउनमा उर्वशीको लुक शानदार देखिएको थियो। यो गाउनको मूल्य ४० करोड भारतीय रुपैयाँ बताइएको छ।


एक रिपोर्टका अनुसार उर्वशीले ४० करोडको क्लियोपेट्रा रियल गोल्ड एण्ड डायमण्ड गाउन लगाएकी थिइन्।

## ओरालो लागेका आर्यनलाई 'लाखे' ले जोगाउला ?

बलिउड सुपरस्टार टाइगर श्राफको झल्को दिने शरीरका कारण अभिनेता आर्यन अधिकारी प्रायः चर्चामा रहन्छन्।

धेरैले उनलाई 'नेपालको टाइगर श्राफ' भन्ने गरेका छन्। नेपालमा सिक्स प्याक हिरोको चर्को खडेरी रहेको अवस्थामा उनको आगमनलाई धेरैले आशातित नजरले हेरेका थिए। तर, डेब्यू फिल्म 'के म तिम्रो होइन र ?' नै पत्तासाफ हुँदा उनको करिअरलाई ठूलो धक्का पुग्यो।

यद्यपि, डेब्यू फिल्म फ्लप भए पनि आर्यनले काम भने लगातार पाइरहे। 'बाँध मायाले, बट्टरफ्लाई' सँगै हिन्दी फिल्म 'कड्के कमाल के' मा काम गरेका उनको 'जस्मिन' नामक फिल्म प्रदर्शन हुनै बाँकी छ। तर, जति नै फिल्ममा अभिनय गरेपनि उनका लागि सफलता 'आकाशको फल' जस्तो भएको छ। लगातार फिल्मको



असफलताले उनीमाथि निर्माता-निर्देशकको विश्वास गुमेको छ। फिल्मबाट अफर र सफलता दुवै नमिलेपछि केही समय अमेरिका बसेका उनी यतिबेला नयाँ फिल्म 'लाखे' का लागि नेपालमा छन्।

### मुख्यमन्त्री ...

सरकारको सहयोगमा नवनिर्मित भवनले सशस्त्र प्रहरी कर्मचारीलाई काम गर्न थप हौसला प्राप्त हुने मैले विश्वास लिएको छु।'

प्रदेशको शान्ति सुरक्षाका लागि यहाँका सुरक्षा निकायहरूसँग आवश्यकता अनुसार सहयोग र सहकार्य गरिरहेको र गर्दै आउने पनि उनले प्रतिबद्धता जनाए। त्यस्तै आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले नयाँ व्यवस्था र अवस्थासँग नजिक हुन खोजिरहेको बताए। 'सीमा र छिमेकी बदलिँदैन, त्यो स्थायी हो'- उनले भने- 'व्यवस्था र अवस्था परिवर्तन भइरहन्छ, त्यस्तै व्यवस्था र अवस्थाले नै सधैं सीमा र छिमेकीलाई कन्ट्रोलमा राख्नुपर्छ। सुरक्षा निकाय यस बारेमा सजग छ।' व्यवस्था र अवस्था परिवर्तन भए पनि देश र राष्ट्रका लागि सुरक्षा निकायहरूले आफ्नो कर्तव्य पालन गरिरहने उनले बताए।

त्यस्तै सशस्त्र प्रहरी बल नेपाल प्रदेश १ बराह बाहिनी मुख्यालय सुनसरीका डीआइजी कमल गिरीले यस प्रदेशमा भारततर्फ ५० वटा र चीनतर्फ २ वटा गरी जम्मा ५२ वटा बीओपी स्थापना भइसकेको बताए। कोभिड १९ संक्रमण रोकथाम तथा न्यूनीकरणका लागि ५८ वटा एफओपी स्थापना गरिएको उनले बताए। झापा जिल्लामा १८ वटा बीओपी र २८ वटा एफओपी स्थापना गरी सशस्त्रले सीमा सुरक्षा गरिरहेको उनको भनाइ छ। कचनकवल गाउँपालिकाका अध्यक्ष अञ्जरा आलमले नागरिकको सुरक्षाका लागि बीओपी स्थापनाले महत्वपूर्ण टेवा पुग्ने बताए।

प्रदेश १ सरकारका मुख्य सचिव रामप्रसाद घिमिरे, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुली, झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल लगायतको उपस्थिति रहेको कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका एसपी प्रदीपजंग कार्कीले प्रतिवेदन प्रस्तुत गरेका थिए। सोही अवसरमा जग्गादाता रघुनन्दन गणेश र उनकी श्रीमती प्रतिमाकुमारी गणेश लगायत भवन निर्माणमा सहयोग पुऱ्याउनेलाई सम्मान गरिएको थियो।

भारतको विहार राज्यसँग जोडिएको दक्षिणी झापाको केचना नाकालाई लक्षित गरी कचनकचल गाउँपालिका-४मा २०७० सालमा सशस्त्र प्रहरीले बीओपी स्थापना गरेको थियो। सामुदायिक वनभित्र अस्थायी रुपमा संरचना बनाएर सशस्त्र प्रहरीलाई राखिएको थियो।

स्थानीय जग्गादाताले ४ कट्ठा १४ धुर जमिन निःशुल्क उपलब्ध गराएपछि बीओपी केचनाको नयाँ कार्यालय भवन निर्माणका लागि प्रदेश १ सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक वर्ष ०७६/०७७ मा एक करोड ४२ लाख १ हजार २३९ रुपैयाँ बजेट विनियोजन गरेको थियो। बीओपी भवन निर्माणका लागि श्री स्वामी नारायण निर्माण सेवा धरानले भ्याटसहित १ करोड ३९ लाख १७ हजार ५६४ रुपैयाँ ठेक्का लिएको थियो। बीओपी कार्यालयमा भवन, क्वाटर गार्ड, ब्यारेक, भान्सा, शौचालय, गेट लगायतको निर्माण गरिएको छ। हाल बीओपी केचनामा प्रहरी निरीक्षक भक्त थापाको नेतृत्वमा ४५ जना सशस्त्र प्रहरी कार्यरत् छन्।

### बुस्टर ...

रमेशकान्त अधिकारीले त्यस बेला बुस्टर कार्यक्रमका लागि विभिन्न कम्पनीका खोपहरू मिश्रित ढङ्गले बाँड्दा नेपालले माग धान्न नसक्ने सोचिएको बताउँछन्। यसबीचमा डब्ल्यूएचओका खोप सम्बन्धी विज्ञहरूको समूहले पहिलो दुई मात्रामा एउटा सिरीजको खोप दिइएको छ भने तेस्रो मात्रा अर्को दिन मिल्ने सुझाव दिएपछि हामीले रणनीति फेरेका हौं- डा. अधिकारीले भने।

डा. अधिकारीले खोपहरू मिश्रण गर्दा त्यसको प्रभावकारिता देखिएको अध्ययनहरूले देखाउनु र नेपालको खोप कार्यक्रमसँग उपलब्ध मात्रासँग समेत मिल्नुले यस्तो निर्णय गर्न सम्भव गराएको बताउँछन्।

भेरोसेल भएन, त्यसलाई पर्खिनुभन्दा कोभिशील्ड/आस्ट्राजेनेका भए पनि सुरक्षित र प्रभावकारी छ भने किन नदिने भन्ने निष्कर्षमा पुगियो। डा. अधिकारीले नभएको खोप पर्खिनुभन्दा वैकल्पिक रूपमा कार्यक्रमलाई अघि बढाउने गरी यस्तो रणनीति लिइएको बताउँछन्।

**अब कसलाई कुन खोप ?**

साठी वर्ष र माथिका ज्येष्ठ नागरिकलाई बुस्टर खोप दिनका लागि पहिलो दुई मात्रा कोभिशील्ड, आस्ट्राजेनेका, मोडर्ना, फाइजर वा भेरोसेल लगाएकालाई बुस्टरका रूपमा कोभिशील्ड वा अस्ट्राजेनेका दिन सकिने स्वास्थ्य सेवा विभागले जनाएको छ। पहिलो मात्र खोप लगाएर दोस्रो मात्राका लागि सोही खोप लगाउन नपाउनेहरूलाई समेत कोभिशील्ड वा आस्ट्राजेनेका दिन सकिने जनाइएको छ।

यसका लागि देशबाहिर दुई मात्रा कोभिशील्ड, अस्ट्राजेनेका, मोडर्ना, फाइजर वा भेरोसेल लगाएर आउनेहरू समेत योग्य हुनेछन्।

सरकारी विवरण अनुसार अहिलेसम्म नेपालले प्राप्त गरेको झन्डै चार करोड २० लाख मात्रा कोभिड खोपमध्ये तीन करोड आठ हजार मात्रा वितरण भइसकेको छ।

यसैबीच लाखौं मात्रा खोपको विवरण यकिन नभएको भन्ने खबर आएपछि सरकारले त्यससम्बन्धी अनुसन्धान शुरु गरेको जनाएको छ। वीवीसी

### बसपार्कको ...

घिसिङ समेत ६६ जना पुरुष र ८ जना महिला गरी ७४ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ।

उक्त स्नुकर हाउसमा हार जित हुने गरी बिङ्गो खेलाइरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय प्रहरी वृत्त बौद्धबाट संयुक्त रुपमा खटिएको प्रहरीले उनीहरूलाई नगद ६ लाख १९ हजार २ सय ५० रुपैयाँसहित फेला पारी पक्राउ गरेको हो।

### असहाय ...

समस्या हल हुने थियो। अहिले मामा माइजुसँगै हामी पनि यही भूमरीमा रुमल्लिएका छौं।'

मामा गर्न सक्ने हुञ्जेल जसोतसो परिवार धान्नु भएको थियो- प्रतापले भने- अहिले मामा पनि बुढ्यौलीले काम गर्न सक्नु हुन्न, माइजूको यो हालत छ। के गर्ने के नगर्ने ? आफैं दोधारमा छौं। माइजूको उपचारका लागि कतैबाट सहयोग जुटे गुमेको आँखाको ज्योति फर्काउन सकिन्छ कि भन्ने आशा छ। राम्रो ठाउँमा उपचार गराउन पाए माइजू हिँड्डुल गर्न सक्नुहुन्थ्यो होला तर केले गर्ने उहाँहरुसँग एक रुपैयाँ निकाल्ने अवस्था छैन।

मामामाइजूको यो अवस्था देखेर सहारा नेपालका दाइ महेन्द्र गिरीले उहाँहरुको घर बनाइ दिने भन्नुभएको थियो- प्रतापले भने - 'अहिले मामा माइजूको घर बन्दैछ। पुरानो जीर्ण बनेको घर हटाएर महेन्द्र दाइकै पहलमा यो घर बनेको हो'- निर्माणाधीन घर देखाउँदै प्रतापले भने -'यो घरको विषयमा हामीलाई केही थाह हुन्न सबै सामग्री उतैबाट आएर धमाधम घर निर्माण भइरहेको छ।' दशैंमा महेन्द्र दाइ यो ठाउँमा आउनु भएको थियो- प्रतापले भने - 'मेरा मामामाइजूको यो अवस्था देखेपछि उहाँले केही गर्नु पर्ला भन्दै फर्कनु भएको थियो। नभन्दै अहिले उहाँकै पहलमा यो घर बनिरहेको छ।'

यता सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले राजकुमारी र धर्मराज गिरीको घर निर्माणमा बिर्तामोडका मोहन पोखरेलले आर्थिक सहयोग पुऱ्याएको बताएका छन्। सामाजिक सञ्जाल फेसबुकमा उनले लेखेका छन्- एक बिपन्न परिवार-श्रीमान् बोल्न नसक्ने (श्रीमती आँखा नदेख्ने) लाई व्यक्तिगत रूपमा मोहन पोखरेल सरको आर्थिक सहयोगमा हस्तान्तरण हुन लागेको घर। यसरी नै हुने व्यक्तिले नहुनेको एक-एक घर बनाइँदिदा पनि घरको समस्या समाधान हुने थियो।

ह्यावििट्याडसँगको सहकार्यमा प्रदेश नम्वर १मा विपन्न आवास कार्यक्रम सञ्चालन गर्दै आएको सहारा नेपाल सहकारी संस्थाका कार्यकारी निर्देशक समेत रहेका गिरीले घर नहुने परिवारका लागि हुने परिवारले सहयोग पुऱ्याए घरको समस्या समाधान हुने सार्वजनिक रुपमै उल्लेख गरेका छन्।

यता बिर्तामोडका व्यवसायी मोहन पोखरेलले आफूले कमाएको हिस्साबाट गिरी दम्पत्तिको घर निर्माणमा सहयोग पुऱ्याएको बताएका छन्। एक हुने नागरिकले एक विपन्न परिवारको घर निर्माणमा सहयोग पुऱ्याउने विषयमा महेन्द्र गिरी सरले मलाई सल्लाह दिएपछि आफूले गिरी दम्पत्तिको घर निर्माणमा सहयोग पुऱ्याएको पोखरेलले बताए।

महेन्द्र सरकै प्रेरणाबाट यो कामको थालनी गरेको हुँ- पोखरेलले भने- एक हुने खाने व्यक्तिले आपत विपद्मा परेका एक व्यक्तिलाई मात्रै सहयोग गर्ने हो भने देशभरकै समस्या हल हुने रहेछ अहिले मलाई आफै अनुभव भयो।


## तु- चाहियो

भारतको मुंवाईस्थित एक वहुप्रतिष्ठित Reliance कम्पनीद्वारा सेक्यूरिटी गार्ड र 3 Star होटलको लागि वेटर माग भइ आएको छ। इच्छुकले तु-सम्पर्क गनुहोस्।
मो. ९८१५०२३१९९/९८२६९८७०७०

| विवरण | संख्या | दिन | घण्टा | खाना/बस्न | तलब | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | १५,०००/ic | ५.५ उचाइ |
| मेडियम सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३०,०००/ic | ५.७ उचाइ |
| स्पेसल सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | ६०,०००/ic | ५.८ उचाइ |
| भू.पु. इंन्डियन सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३५,०००/ic | सक्कल कागजात |
| वेटर पुरुष | केही | ३० | १२ | छ | १८,०००/ic | १० पास |

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## जनहितमा जारी सन्देश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं।

- मास्कको सही प्रयोग गरौं।
- भौतिक दूरी कायम गरौं।
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- भिडभाड नगरौं।
- स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौं।
- कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔं।

कोभिड–१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## यथासमय निर्वाचन गर

**यसबेला हाम्रो विभिन्न तहको सरकार निर्माण गर्ने आवधिक निर्वाचनको चर्चा जोडतोडले उठेको छ । तीन तहको निर्वाचन एकैपटक गर्ने कि चरण–चरणमा गर्ने भन्नेमा पनि फरक–फरक मत सार्वजनिक भइरहेका छन् । सरकार स्थानीय निर्वाचनलाई पछि धकेल्न कोशिस गर्दैछ भन्ने प्रतिपक्षीको आरोपको पनि सत्तारुढ गठबन्धनले आगामी जेठसम्ममा निर्वाचन सम्पन्न गर्ने निर्णय गरेर खण्डन गरिसकेको छ । नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरुको सम्पन्न बैठकले आगामी जेठसम्ममा स्थानीय तहको निर्वाचन गर्ने निर्णयसहित सरकारलाई सिफारिस गरिसकेको सन्दर्भले स्थानीय तहको निर्वाचन सुनिश्चित भएको छ । स्थानीय तहको निर्वाचनका बारेमा कतिपय नेताले सत्ता साझेदारले स्थानीय तहको निर्वाचन पछि धकेल्न खोजेको आरोप लगाएका थिए ।**

**सत्ता साझेदार पाँच दलको बैठकपछि सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आगामी जेठ मसान्तसम्ममा स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने सूचना दिएपछि यस सम्बन्धी आशंका हटेको छ । यसका सम्बन्धमा उत्पन्न हुनसक्ने कानूनी जटिलता र कानूनी बाधाहरु हटाएर निर्वाचनको तयारी गर्न गठबन्धनले सुझाव पनि दिएको छ । यद्यपि सत्ता साझेदार दलहरुको सुझाव र सिफारिस मात्रैले विद्यमान जटिलता अन्त्य हुन्छ भन्ने अवस्था छैन । लामो समयदेखि प्रतिनिधिसभाको नियमित बैठकलाई प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुचारु हुन दिएको छैन । सर्वोच्च अदालतमा विचाराधीन संसद सदस्यको सदस्यताको विषयमा लगातार संसद अवरोध गरेर बसेको एमालेले अवरोध नखोलुञ्जेल विद्यमान समस्याको अन्त्य हुने देखिँदैन ।**

**देशको भौगोलिक, आर्थिक तथा सुरक्षाका दृष्टिले पनि चरणबद्ध निर्वाचन गर्नैपर्ने हुन्छ । निर्वाचनको जिम्मेवारी संविधानतः निर्वाचन आयोगकै हो । सरकारको सिफारिसमा निर्वाचनसँग सम्बन्धित व्यवस्था र आधार तयार गर्नुपर्ने आयोगले सरकारको सिफारिसका आधारमा यथासमय निर्वाचन गराउनु पर्दछ । गठबन्धनको सरकारले सवैधानिक व्यवस्था अनुसार प्रदेश तथा संसदको निर्वाचनका लागि समेत वातावरण तयार गर्न अग्रसरता देखाउनु पर्दछ । सत्ता साझेदार दलहरु स्थानीय निर्वाचन गर्न चाहँदैनन् भन्ने आरोप खण्डन गर्दै भएको निर्णयले सरकारलाई काम गर्न सहज बनाइदिएको छ । तर, त्यसका लागि संसद अवरोध गरेर बसेको एमालेको इमान्दारिता देखिनु पर्दछ । यसतर्फ आम नागरिक तथा सम्बद्ध पक्षको पनि ध्यान जानुपर्दछ ।**

# मधेश प्रदेश कतातिर जाँदैछ ?



प्रभाषचन्द्र झा

मुलुकभर बाक्लो हुस्सुसँगै वातावरण चिसिँएको छ। तर, मधेश प्रदेशमा राजनीतिक तापमान उचाईमा पुगेको छ। यस प्रदेशमा दुई साताको अवधिमा नेताहरुबीच आरोप प्रत्यारोपमै सीमित नरही एकअर्काको तेजोभङ्ग गर्ने कुत्सित प्रयासले गर्दा राजनीतिक तापमान उचाई लिएको अनुभूति भइरहेको छ। चार बर्षको निरन्तर प्रयासपछि प्रदेश सभाले माघ ३ गते 'मधेश प्रदेश'को रुपमा नामकरण गर्न सफलता प्राप्त गऱ्यो। यो विषयलाई पनि मधेश आन्दोलनको देनको रुपमा आत्मसात गर्नुपर्छ। यसको राजनीतिक उपलब्धि र पहिचानका साथै आगामी दिनमा राजनीतिक वृत्तमा देखिने प्रभाव लगायतका विषयमा चर्चा-परिचर्चा अहिले पनि जारी छन्। तर, मधेश प्रदेशको घोषणाको छत्तीस घण्टा नबित्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवको रौतहटको सभाको सम्बोधनको विषय अहिलेसम्म राजनीतिक क्षेत्रमा तरङ्गित नै छन्।

प्रदेश नं. २ को पहिचानसहितको नामकरणको खबरलाई उछिनेर मन्त्री रेणुकुमारी यादवको सम्बोधनको विषयले बेग्लै किसिमका हलचल उत्पन्न गरेको छ। जनमत पार्टीका नेता डा. सिके राउतका साथै सो पार्टीका कार्यकर्ताप्रति आक्रामक शब्दको प्रयोगले मुलुकमा पुनः नयाँ बहसको सूत्रपात भएको छ। सञ्चार जगत, सामाजिक सञ्जालका साथै कतिपय नेता, बुद्धिजीवी र राजनीतिक विश्लेषकले यस विषयमा आ-आफ्ना धारणा राख्दै आइरहेका छन्। जनमत पार्टीका अध्यक्ष डा. राउतले मन्त्री यादवको राजीनामाको माग गरेका छन्।

तीन दशकदेखि राजनीतिमा सक्रिय रेणुकुमारी यादव एक अनुभवि महिला नेतृको रुपमा पहिचान बनाएकी छन्। पारवारिक पृष्ठभूमिका कारण राजनीति विरासतमा पाउनुभएकी उहाँ पटक-पटक मन्त्रीपनि हुनुभएको छ। तर्कसङ्गतसहित आकर्षकशैलीका भाषणका कारण उहाँको राजनीतिमा राम्रो पकड पनि छ। माघ ५ गते रौतहटमा आयोजित सभामा सम्भवतः कार्यकर्तामा जोश, जाँगर उत्पन्न गर्न दिनुभएको भाषणको प्रभाव उल्टो परेको देखिन्छ। पदीय मर्यादाको समेत ख्याल नगरी बोल्ने क्रममा संयमता गुमाउँदा उहाँको चौंतर्फी आलोचना भइरहेको छ। आजभोलि, हात-हातमा क्यामरावाला मोवाइल फोन छ। यो कुराको हेक्का नराखेकाले उहाँको जोशिलो भाषण यतिखेर, सरकार, पार्टी र स्वयम्‌को लागि 'निल्नु न ओकल्नु' अवस्थामा पुऱ्याएको त होइन् भन्ने चर्चा पनि भइरहेको देखिन्छ।

रौतहटमा आयोजित कार्यक्रममा सहभागी हुन जाँदा बाटोमा मन्त्री यादवलाई अवरोधका साथै कालो झण्डा देखाउने प्रयास जनमत पार्टीको कार्यकर्ताले गरेको थियो। विगत एक महिनादेखि सो पार्टी किसानको माग राखेर आन्दोलनमा उत्रेको र जसपाका कार्यकर्ताप्रति आक्रामक देखिएकाले उहाँ आजित भएर वा आफ्ना कार्यकर्तालाई उत्साहित पार्नका लागि आवेशमा बोल्नुभएको देखिएको छ।

सो अभिव्यक्तिले नयाँ मोडमा परिणत हुन थालेपछि माघ १० गते मन्त्री रेणुकुमारी यादवले विज्ञप्ति मार्फत आफ्नो पक्ष राख्नुभएको छ। कसैप्रति लक्षित, कुनै पूर्वाग्रह वा दुराशय मानसिकताबाट नभई आपसी मुठभेड नगर्न वा हुन नदिन उद्देश्यका साथ सो अभिव्यक्ति दिएको उल्लेख गर्नुभएको छ। यसका साथै, उहाँले कसैप्रति हिंसाको प्रयोग र कसैलाई उत्तेजित पार्न नभएको र व्यक्तिगत रुपमा कसैप्रति नभए पनि, त्यस्तो भ्रम पर्न गएकोमा सो प्रति दुःख व्यक्त गर्दै सामान्यरुपमा लिन आग्रह समेत गर्नुभएको छ। आगामी दिनमा सचेत रहने प्रतिबद्धता समेत प्रकट गर्नुभएको छ। उहाँले उक्त विज्ञप्ति मार्फत उल्लेख गरिएका शब्दलाई मनन् गर्दा त्यस्तो कुनै गलत मनसाय नरहेको बुझिन्छ। यस विज्ञप्तिलाई जनमत पार्टीले सकारात्मक रुपमा ग्रहण गर्छ कि गर्दैनन्, त्यो पार्टीको निर्णयमा निर्भर गर्छ। तर, जनमत पार्टीलाई पनि आफ्ना कार्यकर्तालाई संयमित राख्नुपर्छ। मुठभेडको अवस्था उत्पन्न हुन नदिनतर्फ सचेत गराउनुपर्छ। उहाँ मात्रै होईन कि थुप्रै राष्ट्रियस्तरका नेताहरु पनि बोल्ने बेलामा होस गुमाउनु हुन्छ। आफ्ना अभिव्यक्तिप्रति दुःख प्रकट गरेपछि विवाद साम्य पनि भएको देखिएको छ। उहाँ मन्त्री पदबाट हटे पनि, नहटे पनि जनमत पार्टीको रणनीति सफल भएको सम्झनुपर्छ।

यस प्रदेशमा आफ्नो वर्चस्व कायम गर्न जनमत पार्टीले जसपा पार्टीका नेताहरुलाई मानसिक रुपमा कमजोर पार्ने नीति अख्तियार गरेको देखिन्छ। सो पार्टीको रणनीति पनि हेर्दा के बुझिन्छ भने जसरी पनि जसपालाई उचाल्ने। यसो गर्दा नेताले आवेसमा धेर्यता राख्न नसक्ने र विचलित हुँदै अनाप-सनाप बोल्ने छन् र सो विषयलाई मुद्दा बनाउने। भाटाको विरुद्धमा लठ्ठी बोकेर जसपा उत्रियोस्। सरकार समक्ष माग राख्दा जसपाका कार्यकर्ता आक्रमणमा उत्रेको भनेर मुद्दा बनाउने रणनीति पनि हुन सक्छ। गल्ति जसको भए पनि दोष ठूलोको टाउको मै थुपारिने चलन छ। किनभने, सानो गाडीको गल्तिले दुर्घटना भएको देख्दा पनि ठूलो गाडी नै दोषि ठहरिन्छ र क्षतिपूर्ति र सजायको भागीदार हुनुपर्छ। यदि, जसपाले संयमता गुमाउँदै गयो भने छविमा असर पर्छ। जनमत पार्टीलाई गुमाउन त केही छैन्। गुम्यो भने जसपा कै गुम्ने न हो। भनाइको अर्थ, निर्वाचनको परिणाम। नेताको पहिलो पहिचानमा उहाँको बोली, विचार व्यवहार नै हो। यस विषयमा सचेत नरहने नेताहरु बर्षौसम्म राजनीतिमा टिक्न सक्दैनन्। नेतामा जनताप्रति समर्पणको भावना हुनुपर्छ र कानूनी राज्यको अवधारणलाई पूर्णपालना गर्नका लागि प्रतिबद्ध रहनुपर्छ। ओहोदामा बसेका व्यक्तिलाई सार्वजनिक रुपमा अमर्यादित अभिव्यक्ति दिनबाट बच्नुपर्छ।




**राजनीतिमा छेकबार नीति**

नेपालमा प्रजातन्त्र स्थापनापछि छेकवारको राजनीतिले प्रश्रय पाएको छ। पूर्वपञ्चका पार्टीको रुपमा स्थापित राप्रपा (थापा र चन्द)का नेताका कार्यक्रमलाई नेकपा(एमाले) र कांग्रेसका कार्यकर्ताहरु बिथोल्ने गर्दथे। नेकपा माओवादी खुल्ला राजनीतिमा पर्दापन गरेपछि कतिपय ठाउँमा कांग्रेस र एमालेका कार्यक्रम हुन नदिन आक्रामक शैलीमा उत्रन्थ्यो। मधेश आन्दोलनको क्रममा एमालेको पार्टी कार्यालयमा तोडफोडका साथै ओलीको सभा हुन नदिने, मधेशमा पस्न नदिने भनेर मधेशवादी दलका कार्यकर्ताहरुले निषेधको राजनीति शुरु गरेको थियो। कतिपय जिल्लामा एमालेका कार्यालयमा तोडफोड र आगजनीका साथै कुटपिटका घटना पनि भए। सोही निषेधको राजनीतिको प्रतिकारको रुपमा एमालेले सप्तरीको मलेठमा सभा गर्ने घोषणा गऱ्यो। अर्कोतर्फ, संयुक्त मधेशी लोकतान्त्रिक मोर्चाले कार्यक्रम हुन नदिने अडान लिएका थिए। २०७३ साल फागुन २३ गते सप्तरीको मलेठमा नेकपा( एमाले)को कार्यक्रमलाई अवरोध पार्न खोजिएको भनेर प्रहरीले गोली चलाउँदा पाँच जनाको मृत्यु र एक दर्जनभन्दा बढी घाइते भएका थिए। सो भन्दा पहिले, २०७२ साल माघ ७ गते मोरङ्गको रङ्गेलीमा नेकपा(एमाले)को कार्यक्रमलाई मधेशी मोर्चाले बिथोल्न खोजेको भनेर प्रहरीले गोली चलाउँदा तीन जनाको मृत्यु भएको थियो। एक पार्टीले अर्को पार्टीलाई निषेध अर्थात् छेकबारको राजनीतिले गर्दा अनाहकमा निर्दोषको ज्यान गएको घाउँ अझै ताजा नै छन्। अब, मधेश मै जनता समाजवादी पार्टीको कार्यक्रममा अवरोध गर्ने खेल शुरु भएको छ। राजनीतिमा छेकबार नीतिले दुष्परिणाम निम्त्याएको देखिएकाले विगतका घटनाबाट पाठ सिक्नुपर्छ। दुर्भाग्य, राजनीतिक स्वार्थ नै सर्वोपरी ठान्नेहरु जनताको मन जित्नतर्फ अग्रसर नभई छेकवारतर्फ उद्यत छन्।

**जनमत पार्टीको रणनीति**

जनमत पार्टीको पनि राजनीति थलो मधेश नै हो। मधेशको राजनीतिमा सो पार्टी स्थापित भइसकेका छन्। अब, यो पार्टीलाई जनतामा पहुँच बनाउनु छ। मधेशवादी दलहरुभन्दा फरक देखिने उद्देश्य राखेर योजनाबद्ध ढङ्गले आफ्ना पहुँच बनाउन खोजिएको छ। मधेशवादी दलहरुले उठाउँदै आएका मागभन्दा फरक नीति अख्तियार गरी यतिखेर, किसानको माग र भ्रष्टाचारको मुद्दालाई राजनीतिक अस्त्रको रुपमा प्रयोग गरिरहेका छन्। स्वायत्त मधेशको नारा लिएर राजनीतिमा उत्रदाखेरी डा. सिके राउत गान्धीवादी नीति अपनाएका थिए।

> मधेशमा राजनीति कतिखेर कोल्टे फेर्ने विषयमा अनुमान लगाउन त्यति सहज छैन। शतप्रतिशत सत्य के हो भने मधेशका जनतामा लामो समयसम्म कसैको पकड रहेको देखिएन् ।

आफ्ना स्वायत्त नीति परित्याग गरी राष्ट्रको मूलधारमा समाहित भएपछि क्रमिक रुपमा छुट्टै पहिचान बनाउनका लागि यतिखेर आक्रामक रुप अपनाएका छन्। सो पार्टीका कार्यकर्ताहरु भाटा बोकेर नै सडकमात्र उत्रन थालेका छन्। यसरी, भाटासहित सडकमा उत्रनुको अर्थ जनता समाजवादी पार्टीलाई तर्साउनको लागि खोजिएको रुपमा ब्याख्या पनि हुन थालेको छ। मधेश प्रदेशमा जनता समाजवादी पार्टीको नेतृत्वको सरकार छ। सरकारको कमी-कमजोरीका साथै सो पार्टीका निर्वाचित पदाधिकारी माथि भ्रष्टाचारको विषय उठाएर कारवाहीको धम्की दिने नीति पनि अपनाएका छन्।

मधेशवादी नेताहरु पनि मधेश आन्दोलनको बलमा स्थापित भएका हुन्। उहाँहरु किसान आन्दोलनबाट स्थापित हुन खोजिएको देखिन्छ । मधेशको उथलपुथल राजनीतिबाट आजित जनतालाई आफूतिर आकर्षित पार्नका लागि आक्रामक नीति अपनाएको त होइन्। यस्तो अवस्था जारी रह्यो भने मधेश प्रदेशमा ती दुबै पार्टीका कार्यकर्ताबीच कुनै पनि बेला झडपको अवस्था सृजना हुने सम्भावना देखिन्छ।

मधेशको राजनीतिक दलको अवस्थालाई हेर्दा २०४८ देखि पहिलो मधेश आन्दोलनसम्म कांग्रेसपछि दोस्रो स्थानमा एमालेको वर्चस्व थियो। मधेश आन्दोलनपछि मधेशवादी दलको पकड बन्यो। माओवादीहरुले पनि बिस्तारै-बिस्तारै आफ्ना सङ्गठन बिस्तार गरे। मधेश आन्दोलनपछि कांग्रेसको ठूलो जमात मधेशकेन्द्रीत दलतर्फ पलायन गऱ्यो। यसका साथै, एमाले, राप्रपा, माओवादीका पनि कतिपय नेता र कार्यकर्ताहरु मधेश केन्द्रीत दलमा प्रवेश गरे। मधेशमा राजनीति कतिखेर कोल्टे फेर्ने विषयमा अनुमान लगाउन त्यति सहज छैन। शतप्रतिशत सत्य के हो भने मधेशका जनतामा लामो समयसम्म कसैको पकड रहेको देखिएन्।

मधेशका जनता नेता फेर्नमा धेरै सिपालु छन्। जातीय, क्षेत्रीय, रकमको चलखेल जे गरे पनि, मधेशी जनताले एक दुई जना बाहेक कसैलाई लगातार निर्वाचित गरेको देखिएन्। कतिपयले जित्नका लागि क्षेत्र परिवर्तन गर्छन्। तर, व्यक्तित्वको पक्कै कदर गर्छ र जिताएर पठाउँछन्। सो कारणले जनमत पार्टीले शान्तिपूर्ण र व्यवस्थित ढङ्गले आफ्ना कार्यलाई निरन्तरता दिँदै रह्यो भने जनताको मन जित्न सक्छ। भाटाले मन जित्दैन उल्टै आक्रोस उत्पन्न गर्छ।

# ओमिक्रोन र आँखाको समस्याबीच सम्बन्ध के छ ?



विश्वभर कोरोना भाइरसको ओमोक्रन भेरियन्ट फैलिएसँगै वैज्ञानिकहरु यसको अनुसन्धानमा लागेका छन्। हाल वैज्ञानिकहरुले 'BA.2' नाम दिएको ओमोक्रनको 'सब भेरियन्ट' पनि ४० भन्दा बढी देशमा पाइएको छ। भारतमा पनि 'सब भेरियन्ट' तीव्रगतिमा फैलिरहेको छ।

डेल्टाभन्दा संक्रामक भनिएको ओमोक्रनको 'ओरिजिनल भर्सन'भन्दा नयाँ 'सब भेरियन्ट' थप संक्रामक भएको पाइएको छ। तर, यसले गम्भीर असर गरेको भने पाइएको छैन। ओमोक्रनको 'सब भेरियन्ट'बारे भने वैज्ञानिकहरु अझै अध्ययनमा छन्।

ओमोक्रन भेरियन्टका लक्षणहरु यसअघिका लक्षणभन्दा फरक देखिएका छन्। सामान्य रुघा, खोकी, टाउको दुखाई पनि ओमोक्रनको लक्षण हो। यो सँगै आँखा दुख्ने र चिलाउने पनि ओमोक्रन भेरियन्ट कै लक्षण हो जसबारेमा धेरै वैज्ञानिक अध्ययन भएको छैन। भेरियन्टहरुको 'म्यूटेसन'ले नयाँ-नयाँ लक्षणहरु देखिएको र आँखामा कोरोनाको असर त्यसैको प्रभाव परेको बताइन्छ।

यसअघि उच्च ज्वरो, खोकीका साथै स्वाद र बस्ना हराउनुलाई कोभिड-१९ को सूचक मानिएको थियो। अहिले भने आँखा दुख्ने समस्या थाहा नपाउने गरी संक्रमितहरुमा देखिएको बताइन्छ। संक्रमण देखिएको दुई महिनापछि सम्म ओमोक्रन भेरियन्टले संक्रमितको आँखामा असर गर्ने देखिएको छ। संक्रमणका कारण आँखामा 'कन्जक्टिभाइटिस' (पिंक आइ) समस्या देखिएको छ।

भारतीय अनुसन्धानकर्ताहरुले पनि कोभिड-१९ का बिरामीमा आँखाको समस्या देखिएको बताएका छन्। आँखामा पानी आउने र चिलाउने जस्ता समस्याहरू देखिएका छन्। नेपालमा पनि तीव्ररुपमा 'ओमोक्रन' भेरियन्ट फैलिरहेको छ। र, बाहिर झैं यहाँ पनि संक्रमितमा आँखाको समस्या देखिन शुरु भएको छ।

नेत्र रोग विशेषज्ञ डा. शैलेश प्रधान नेपालमा पनि ओमोक्रन संक्रमितहरुमा आँखा दुख्ने र चिलाउने लक्षण देखिएको बताउँछन्। विश्वमा यो भेरियन्टका कारण आँखामा समस्या देखिएको भन्दै नेपालमा पनि आँखा चिलाउने र दुख्नेलाई अहिले सामान्य रुपमा लिन नहुने उनले बताए।

पाटन कम्युनिटी आइ केयर सेन्टरमा कार्यरत प्रधानले संक्रमितले आँखामा समस्या देखिएको अवस्थामा लापरवाही गरेको खण्डमा आँखामा निकै असर गर्ने बताए। उनले पनि यसले 'कन्जक्टिभाइटिस' हुन सक्ने बताए।

'यो भाइरल इन्फेक्सन हो। भाइरल इन्फेक्सनमा कन्जक्टिभाइटिस हुन्छ। ओमोक्रन हुँदा आँखा पोल्ने, चिलाउने, कचिरा आउने र आँशु आउने लक्षणहरु देखा पर्न सक्छन्। आँखाको संक्रमण बिस्तारै बढ्दै गएर कोर्निया इन्फेक्सन हुन सक्छ। यदि कोर्निया इन्फेसन बिगेको अवस्थामा दृष्टिविहिन हुने सम्भावना निकै हुन्छ' -उनले भने।

जाडो मौसममा 'कोल्ड एलर्जी' र रुघाखोकी सामान्य हुने भएकाले ओमोक्रन नै हो भनेर छुट्याउन भने गाह्रो हुने उनी बताउँछन्। ओमोक्रन हुँदा त्यससँगै संक्रमितमा आँखा दुख्ने, चिलाउने र सुन्निजे शुरुवातीभन्दा मध्यतिर देखिने उनले बताए। उनले हाल संक्रमितहरुलाई आँखामा समस्या हुँदा हेरचाह गर्न समेत सुझाव दिएका छन्। डा. प्रधान भन्छन्- 'संक्रमण देखिएको अवस्थामा लापरवाही गर्न हुँदैन। लापरवाही गर्दा आँखा बिग्रिन सक्छ। एकदम चिलाउँदा आँखाको परीक्षण गरेर एन्टिबायोटिक औषधिहरु प्रयोग गर्नुपर्छ।' *पहिलोपोष्ट*

# बेतिनी सामुदायिक वनको अध्यक्षमा राई



**पथरीशनिश्चरे, माघ १७।** मोरङको उर्लाबारी-२ स्थित वेतिनी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा भीमबहादुर राई निर्वाचित भएका छन्।

त्यस्तै वनको १९औं चुनावी साधारण सभाबाट उपाध्यक्षमा श्याम ढकाल बिजयी भएका छन् भने सह-सचिव मित्रप्रसाद आचार्य र कोषाध्यक्षमा अर्जुन बाँस्तोला बिजयी भएका छन्।

त्यस्तै लेखा संयोजक देवमणि बिजयी भएका छन्। समूहको महिला उपाध्यक्ष, सचिव र सदस्य यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन्। कूल मतदाता १२९५ मध्ये ११४० जनाले मतदान गरेका थिए।

सोही अवसरमा पत्रकार केशरबहादुर चौहान (केदार)लाई सम्मान गरिएको थियो। अन्दाजी २०६० सालदेखि वेतिनी सिमसारको विषयमा मिडिया कवरेज शुरु गरेको तथा लोपोन्मुख पशुपंक्षी र महत्वपूर्ण वनस्पतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन तथा सिमसारको प्रचार-प्रसारमा योगदान पुऱ्याएको भन्दै उर्लाबारीलाई कार्यक्षेत्र बनाई सक्रियरुपमा विगत लामो समयदेखि पत्रकारिता गरिरहेका चौहानलाई सम्मान गरेको आयोजकले जनाएको छ।

# खेलकुद सामग्री प्रदान, महिला फुटबलको उपाधि पथरी-११ लाई

□ उमानाथ भण्डारी

**कमल, माघ १७।** वडामा रहेका युवाहरुलाई खेलकुदको माध्यमबाट अगाडि बढाउने उद्देश्यले कमल गाउँपालिका वडा नम्बर ३ ले वडा स्तरमा गठन भएको खेलकुद समितिलाई खेलकुदका सामग्री प्रदान गरेको छ ।

विकास निर्माणले मात्र सबै आवश्यकता पूरा हुँदैन । विकासका लागि खेलकुद पनि आवश्यक भएकाले तत्कालका लागि फुटबल, भलिबल र क्रिकेट लगायतका खेललाई अगाडि बढाउने उद्देश्यका साथ खेलकुद सामग्री वितरण गरिएको वडाध्यक्ष नरप्रसाद दंगालले बताए ।

वडाले तत्कालका लागि गरेको सहयोगले एक वर्षसम्म पुग्ला नगुगेको खण्डमा समिति आफैले व्यहोरेर पनि खेल खेलाइने खेलकुद समितिका संयोजक मनोज गुरुङ्गले बताए । वडा कार्यालयले अहिले तत्कालका लागि खेलकुद समितिलाई फुटबल ५० थान, भलिबल पाँच थान, फुटबल जाली एक सेट, भलिबल नेट एक सेट, क्रिकेट




ब्याट दुई थान, क्रिकेट बल १२ वटा, स्टाम्प सेट दुई थान, किपर ग्लोव एक सेट, कर्नर झण्डा चार थान, कोन ५० थान, जर्सी १८ सेट लगायत एक लाख मूल्य बराबरको सामग्री प्रदान गरिएको वडा सदस्य लालप्रसाद बोखिमले जानकारी दिए ।

त्यसैगरी सामग्री पाएपछि सोही अवसरमा समितिले प्रथम एक दिवसीय महिला फुटबल प्रतियोगिताको आयोजना समेत गरेको थियो । प्रतियोगितमा २-१ को गोल अन्तरले आयोजक केर्खा- ११ लाई हराउँदै पथरी-११ विजयी भएको छ ।

खेल शुरु भएको पाँच मिनेटमा आयोजक केर्खा-११ का तर्फबाट जर्सी नम्वर १६ कि सोनाम राईले गोल गरेर टिमलाई अग्रता दिलाए पनि ३०औं मिनेटमा पथरी ११ तर्फबाट नेहा चौधरीले गोल गरेर टिमलाई बराबरी बनाएको थियो भने दोश्रो हाल्फको २० मिनेटका पुनः पथरी-११ कै चौधरीले दोश्रो गोल गररे टिम विजयी बनाइन् । विजेता र उपविजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

माउण्ट एभरेष्ट स्पोर्टिङ्ग क्लब चतरालाई ३-१ को गोल अन्तरले हराउँदै आयोजक केर्खा-११ फाइनलका प्रवेश गरेको थियो भने सिरिजङ्गा स्पोर्टिङ्ग क्लव पथरीलाई हराउँदै पथरी-११ फाइनलमा पुगेको थियो ।

# ज्येष्ठ तथा असक्तलाई सहयोग

**पथरीशनिश्चरे, माघ १७।** मोरङको पथरीशनिश्चरे नगरपालिका- २ को वडा कार्यालयले ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएकाहरुलाई न्यानो कपडा वितरण गरेको हो ।

आफ्नो वडाभित्रका वर्ष ८८ उमेर माथिका ३६ जना ज्येष्ठ नागरिकलाई एक-एक वटा थर्मस तथा रातो कार्ड प्राप्त गर्ने पूर्ण असक्त अपाङ्गता भएका २६ जना नागरिकलाई जाडोमा न्यानो कपडा प्रदान गरेको हो ।

८८ वर्षमाथिका ३६ जना ज्येष्ठ नागरिकलाई एउटा थर्मसका दरले प्रदान गरिएको छ भने २६ जना



अपाङ्गता भएकाहरुलाई जाडोको न्यानो कपडा प्रदान गरिएको वडाध्यक्ष यामप्रसाद गुरागाँईले बताए ।

घर-घर मै गएर वडा प्रतिनिधिहरू अग्नि गुरुङ, अरूणा राई, पर्शुराम न्यौपाने, सीता भुसाल समेतले उपलब्ध गराएको बताइएको छ । उक्त कार्यका लागि वडा कार्यालयले एक लाख रुपैयाँ बजेट विनियोजन गरेको जनाइएको छ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
व्यावसायिक तथा सिप विकास तालिम केन्द्र
प्रदेश नं. १ भद्रपुर झापाको

## सिप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८।१०।१७*

यस केन्द्रबाट आ.व.२०७८।०७९ को दोश्रो सत्रमा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सिप विकास तालिमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय निकाय गैर, नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ-संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा प्रस्ताव पेश गर्नहुन् यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुबाट तालिमवापत कुनै शुल्क लिइने छैन र तालिम सामग्री उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि उपलब्ध हुने छैन ।

१. स्थानीय निकाय गैर नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालिमहरु :

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | न्युनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाइने स्थान |
|---|---|---|---|---|
| १ | विद्युत जडान | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | व्यावसयिक तथा सिप विकास तालिम केन्द्र भद्रपुर झापा |
| २ | प्लम्विङ्ग | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ३ | केश श्रृंगार | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ४ | विद्युत जडान अपग्रेडिङ्ग | ४५ दिने | कक्षा ८ उत्तिर्ण र वेसीक कोष गरेको हुनुपर्ने । | |

**तालिम सञ्चालन गर्न इच्छुक निकाय वा संघ-संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु**

१. संघ-संस्थाहरुले दर्ता प्रमाण-पत्र, अद्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान न.मु.अ.क. दर्ता, स्वीकृत विद्यानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारीक पदाधिकारीबाट लिखित अनुरोध पत्रसहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००।- तिरी यस कार्यालयमा कार्यालय समयभित्र बुझाई सक्नुपर्ने छ। कागजात प्रतिलिपि बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाइने छैन ।

२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघ-संस्थाले यस केन्द्रबाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक प्राप्त गर्ने छन्। तालिम सञ्चालनको लागि थप व्यवस्थापन एवम् तालिम कक्ष, विद्युत, पानी र शौचालय लगायतका सुविधा संघ-संस्थाहरुले नै निःशुल्क उपलब्ध गराउनु पर्नेछ। प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन ।

३. यस केन्द्रमा छनौट भएका तालिम प्रदायक संघ-संस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने ३९० कार्य घण्टा दैनिक औसत ६ कार्य घण्टा सञ्चालन गर्नुपर्ने छ।

४. गत ०७६/०७७, ०७७/०७८, ०७८/०७९ को आर्थिक वर्षहरुमा यस कार्यालयसँगको साझेदारीमा सञ्चालन भएका स्थानिय निकायहरुका वडा कार्यालयहरु बाहेकका अन्य स्थानीय निकायहरु गैर नाफाम्रलक संस्थाहरु तालिम सञ्चालन गर्न प्राथमिकतामा पर्ने छन् ।

**– केन्द्र प्रमुख**


## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



**सम्पर्कः**
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



**सम्पर्कः** ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

**पद :** PRO/Office Staff
**योग्यता :** SEE वा +2 सरह
**तलब :** १५,०००।-
**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र नागरिकताको फोटोकपी, पीपी साइजको फोटो ।
**दस्तुर :** २५०।-
**सम्पर्क :**
९८०७९२५९६५, ९८१७०५०१५८
बिर्तामोड, शनिश्चरेरोड

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



**सम्पर्कः** ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## बिमालेख हरायो

गैरीगाउँदेखि फिक्कल जाने क्रममा यही मिति २०७८/०८/२३ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः-** लेखबहादुर गुरुङ्ग
**ठेगानाः-** फिक्कल-१, इलाम
**पोलेसी नं.:-** २०२०२५१५३
**कम्पनी नामः** नेपाल लाइफ इन्स्योरेन्स क.लि.
**सम्पर्कः** ९८१३५३७०६६

## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**हाम्रा थप सेवाहरु :**
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा,
फोन :०२३-५९०००८, ९८१७९६४७७१

## G4S कुवेतमा सेक्युरिटी गार्ड र दुबईमा प्याकेजिङ हेल्परमा रोजगारको धमाका

कम्पनी : BAKMART CO.
LT No. 212236 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ। उमेरको हकमा १८ वर्षदेखि ४६ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला ।

**फाइनल अन्तरवार्ता यही माघ १८ गते मंगलवार बिर्तामोडमा हुनेछ ।**

कम्पनी : G4s Security Company, Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Security Guard | 150 | 142/- KD | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

सेक्युरिटी गार्डको लागि उमेर २० वर्षदेखि ४० वर्षसम्म हुनुपर्नेछ ।
बेसिक सेलरी १४२KD भएता पनि यसभन्दा अघि गएकाले २४०KD कमाइरहेका छन् ।

**फाइनल अन्तरवार्ता यही माघ २१ गते शुक्रवार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (**फोन सम्पर्क :** ९८०८०७४५९८, ९८०३०७४४३९)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्ने छ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्ने छन्, मन प्रशन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्य प्रतिकूल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कार्यसिद्धि हुने दिन छ, मान सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनु होला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलीको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।